# जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको
# अठाईसौं बैठक

आज मिति २०७५।०८।०४ गते मंगलवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको अठाईसौं बैठक नगरप्रमुख श्री डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

<u>उपस्थिति</u>

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिवराज सेढाई - स.सचिव

**अन्य उपस्थिती**

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत
श्री टेकेन्द्र अधिकारी, शाखा अधिकृत
श्री टिना सुवेदी, आलेप अधिकृत
श्री वीरेन्द्र वाईबा,ना.सु.

प्रस्तावहरु:

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति ।

२. मेशिन उपकरण परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि ।

३. कार्यसम्पादन नियमावली संशोधन तथा विषयगत समिति गठन ।

४. खुला दिशा मुक्त क्षेत्र अभियान ।

५. विविध (ब्यवशाय दर्ता, नगरकार्यपालिका / वडा समिति बैठक ब्यवस्थापन आदि )

निर्णयहरु

१) प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र नि. प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरका समग्र गतिविधि, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्वन्धी विवरण प्रस्तुत भयो ।

२) यस उपमहानगरपालिकामा रहेका मेशिनरी उपकरण व्यवस्थित ढंगबाट सञ्चालन गर्न तयार गरिएको "जीतपुरसिमरा उपमहानगरपालिकाको मेशिन उपकरण परिचालन तथा ब्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५" को मस्यौदा उपर गृहकार्य गरी आवश्यक संसोधन गरी आगामी बैठकमा स्वीकृतिको लागि पेश गर्न श्री रामशरण बर्तौंलाको संयोजकत्वमा श्री रसुल मियां अन्सारी, ~~श्री असलम देवान~~, श्री असलम देवान र श्री रामबाबु पटेल सदस्यहरु र स.सचिव ना.सु. श्री वीरेन्द्र वाईवा रहेको ५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

३) यस जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ को नियम १५ तथा सोसंग सम्वन्धित ऐ. नियमावलीको अनुसूचि- ४ मा संशोधन गरी देहाय बमोजिमका विषयगत समिति र कार्यक्षेत्र कायम गर्ने निर्णय गरियो ।

क) स्थानीय राजस्व परामर्श समितिमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५(१)(ग) अनुसार कार्यपालिका सदस्य श्री सुमित्रा कार्की र श्री रामबाबु गुप्तालाई सदस्य तोक्ने ।

ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१)(ग) अनुसार कार्यपालिका सदस्य श्री केदार बजागाई, श्री रसुल अन्सारी, श्री अनिता चौधरी र श्री श्यामसुन्दर पासवानलाई सदस्य तोक्ने ।

ग) वार्षिक बजेट तथा कार्यक्रम समिति स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१)(ख) अनुसार कार्यपालिका सदस्यहरुमा संवधित विषयगत समितिका संयोजकहरु सदस्य तोक्ने ।

घ) अनुगमन समिति उपप्रमुख श्री सरस्वती चौधरीको संयोजकत्वमा कार्यपालिका सदस्य श्री रामबाबु गुप्ता, श्री रामशरण बर्तौला र श्री अनिता चौधरीलाई सदस्य तोक्ने ।

ङ) पूर्वाधार विकास समिति कार्यपालिका सदस्य श्री सुधनदास तत्माको संयोजकत्वमा सदस्यहरु श्री अर्जुन दाहाल, श्री कृष्ण ठकुरी र श्री रामबाबु पटेल

कार्यक्षेत्र

१. अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्वन्धी

२. उद्योग, वाणिज्य, श्रम, रोजगार तथा वजार व्यवस्थापन सम्वन्धी

३. पर्यटन प्रवर्द्धन सम्वन्धी

४. सूचना तथा सञ्चार सम्वन्धी

५. खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्वन्धी
६. विद्युत र उर्जा सम्वन्धी
७. बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्वन्धी

च) सामाजिक विकास समिति कार्यपालिका सदस्य श्री सुमित्रा कार्कीको संयोजकत्वमा सदस्यहरु श्री राजकुमार राम, श्री प्रभुनाथ चौधरी र श्री लालबाबु राय

कार्यक्षेत्र

१. शिक्षा तथा खेलकूद सम्वन्धी
२. विज्ञान तथा प्रबिधि सम्वन्धी
३. स्वास्थ्य तथा जनसंख्या सम्वन्धी
४. लैंगिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी
५. सरकारी तथा गैर सरकारी संघ संस्था सम्वन्धी

छ) वातावरण तथा विपत्त व्यवस्थापन समिति : संयोजक श्री असलम देवान ; सदस्यहरु श्री रामबाबु गुप्ता, श्री भोजबहादुर खत्री, श्री तिलक श्रेष्ठ

कार्यक्षेत्र:

१. वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्वन्धी
२. फोहोर मैला व्यवस्थापन सम्वन्धी
३. नगरको सौन्दर्यताको संरक्षण तथा विकास सम्वन्धी
४. वन संरक्षण सम्वन्धी
५. विपद् पूर्व तयारी सम्वन्धी
६. विपद्को समयमा गर्नुपर्ने कामहरु सम्वन्धी
७. विपद्पछाडिको व्यवस्थापन सम्वन्धी
८. वन तथा वातावरण सम्वन्धी

ज) श्रम तथा रोजगार समिति : संयोजक श्री सरोज पटेल ; सदस्यहरु श्री जगन्नाथ घिमिरे श्री शुभद्रा न्यौपाने

कार्यक्षेत्र:

१. श्रम तथा रोजगार सम्वन्धी

झ) विधायन समिति : संयोजक श्री कयामुद्धीन अन्सारी ; सदस्यहरु श्री मोहित चौधरी, श्री विनोद यादव

कार्यक्षेत्र

१. नगर सभामा पेश हुने विधेयक सम्वन्धी
२. नगर सभामा पेश हुने नियम, विनियम, कार्यविधि सम्वन्धी
३. कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्वन्धी

ञ) सार्वजनिक सेवा तथा क्षमता विकास समिति : संयोजक श्री अनिता चौधरी ; सदस्यहरु श्री रामशरण बतौंला, श्री सुन्दर बहादुर सुनार

कार्यक्षेत्र

१. संगठन संरचना, दरबन्दी र कार्यविवरण
२. सुशासन र सेवा प्रवाह
३. क्षमता विकाससम्वन्धी विषय

ट) आर्थिक समिति : संयोजक श्री रसुल अन्सारी ; सदस्यहरु श्री राजेन्द्र खां थारु, श्री रामप्रसाद लामिछाने

**कार्यक्षेत्र**

१. बजेट तथा स्रोत परिचालन सम्वन्धी

२. पशुपंक्षी विकास सम्वन्धी

३. नागरिकको आयआर्जन सम्वन्धी

४. स्रोतहरुको पहिचान सम्वन्धी

ठ) उद्योग वाणिज्य तथा आपूर्ति समिति : संयोजक श्री श्यामसुन्दर पासवान ; सदस्यहरु श्री हिरा ब गुरुङ, श्री कमल चौधरी, श्री रामदुलारी चौधरी

**कार्यक्षेत्र:**

१. उद्योग तथा बाणिज्य सम्वन्धी

२. आपूर्ति व्यवस्था सम्वन्धी

ड) कृषि, सहकारी तथा भूमि व्यवस्थापन समिति : संयोजक श्री केदारनाथ बजागाई ; सदस्यहरु श्री हिरा गुरुङ, श्री इलियास अन्सारी, श्री मानिक थिङ

**कार्यक्षेत्र**

१. कृषि, सिंचाई, सहकारी र गरिबी निवारण सम्वन्धी

२. भूमि व्यवस्थापन र भूउपयोग नीति

४) खुला दिशामुक्त क्षेत्र अभियानलाई व्यापकतासाथ अघि बढाउने । उक्त अभियानका लागि आवश्यक स्वयमसेवी नियुक्तिको प्रक्रिया सामाजिक विकास समिति र नगर कार्यपालिकाको कार्यालयको समन्वयमा अघि बढाउने।

५) जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघको माग अनुसार बडा दशमी र दीपावली २०७५ सुपथ मूल्य पसल सञ्चालनका लागि रु ७५,०००।०० उपलव्ध गराउने ।

६) बटन एण्ड ब्रिजले फत्तेपुरमा आयोजना गरेको प्रदेशस्तरीय क्रिकेट प्रतियोगिताको लागि रु ५०,०००।०० उपलव्ध गराउने ।

७) जीतपुरसिमरा उपमहानगरपालिका ६ मा जलसा सञ्चालन गरी निर्माण हुने कवुर्स्तान निर्माणको लागि मुस्लिम समुदायको लागि नगरस्तर योजनामा विनियोजित बजेटबाट रु ५,००,०००।०० उपलव्ध गराउने।

८) स्वास्थ्य सेवामा गत वर्ष करारमा नियुक्त भएका तपसिलका कर्मचारीहरुलाई २०७६ असार मसान्तसम्म सेवा निरन्तरता दिने निर्णय गरियो ।

क) प्रमिला कुमारी घिसिङ्ग

ख) प्रमिला कुमारी दास

ग) रमिता परियार

९) नगर कार्यपालिकाको बैठक सामान्यतयाः प्रत्येक ५ र २० गतें महिनाको २ पटक बस्ने व्यवस्था मिलाइनेछ । कुनै कारणले वैठकको मिति परिवर्तन हुने भएमा २ दिनअघि जानकारी गराइनेछ । आवश्यकतानुसार थप बैठक बस्न सक्नेछ । वडाहरुको बैठकको हकमा सम्भवभएसम्म कार्यपालिकाको वैठक तालिकाभन्दा अगावै हुने गरी सम्वन्धित वडाले तोक्न सक्नेछ ।